# राष्ट्रिय सूचना आयोगको १५औं स्थापना दिवस, २०७९ को प्रतिवेदन

कार्यक्रम सञ्चालन मिति : २०७९/०१/२२
उपराष्ट्रपति कार्यालयको सभाहल

**प्रतिवेदक :**
शाखा अधिकृत हरिहर कार्की

राष्ट्रिय सूचना आयोग

## परिचय

नागरिकले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने संवैधानिक अधिकारको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने पवित्र उद्देश्यले राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले लामो समयदेखि पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासको मूल मर्म भनेकै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा जनताको दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकांक्षा पुरा गर्नु रहेको छ, जुन विषयलाई नेपालको संविधानले आत्मसात् गरेको छ । जनताको यस किसिमको आकांक्षालाई सम्बोधन गर्न राज्य प्रणालीका सबै निकायहरू पारदर्शी रूपमा जनचाहना अनुरूप निर्देशित र परिचालित हुनु अनिवार्य शर्त हो । राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाहरूको संरक्षण गर्दै नागरिकको सुसूचित हुने हकलाई संरक्षण,संवर्द्धन र प्रचलन गराउन सके पारदर्शिता प्रबर्द्धन गर्न सकिन्छ । संविधान र ऐनका यी भावनालाई योजनाबद्ध रूपले कार्यान्वयन गर्दै जानु हरेक सार्वजनिक निकायको कर्तव्य हो । नागरिकको सुसूचित हुने हकलाई संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने मूल उद्देश्यका साथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेको छ । यो ऐनको दफा ११ मा सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरेको छ ।यसै व्यवस्था बमोजिम राष्ट्रिय सूचना आयोगको स्थापना २०६५ बैशाख २२ गते भएको थियो । यिनै पृष्ठभूमिमा आयोगद्वारा आफ्नो १५औं स्थापना दिवस मनाउन मिति २०७९ बैशाख २२ गते उपराष्ट्रपति कार्यलयको सभाहलमा एक कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमको प्रमुख आतिथ्यता सम्माननीय उपराष्ट्रपति श्री नन्द किशोर पुनले गर्नु भएको थियो ।कार्यक्रमको अध्यक्षता सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो ।सूचना आयुक्तद्वय श्री कमला ओली थापा र श्री रत्नप्रसाद मैनालीका साथै कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले आशन ग्रहण गर्नुभएको थियो । उक्त कार्यक्रमलाई राष्ट्रिय सूचना आयोगका उपसचिव श्री सीता निरौला फुयालले सञ्चालन गर्नुभएको थियो । नेपाल सरकारका सचिवज्यूहरू, आयोगका पूर्व प्रमुख सूचना आयुक्तज्यूहरु र पूर्व सूचना आयुक्तहरु,विभिन्न सूरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, दातृ निकायका प्रतिनिधिहरु,विभिन्न निकायका सूचना अधिकारीज्यूहरू, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरू,सूचनाको हकका अभियान्ताहरू लगायत

उपस्थित सम्पूर्ण सहभागीहरूले यथास्थानमा आशन ग्रहण गर्नुभएको थियो । उक्त कार्यक्रममा नागरिक समाज, पत्रकार, आयोगका कर्मचारी लगायत करीव १२५ जनाको सहभागिता रहेको थियो ।

**स्वागत मन्तव्य : श्री भागीरथ पाण्डेय ,सचिव ,राष्ट्रिय सूचना आयोग**

राष्ट्रिय सूचना आयोगको १५औं स्थापना दिवसका अवसरमा राष्ट्रपति कार्यालयको सभाहलमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई राष्ट्रिय सूचना आयोगको  तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दै आयोगका सचिवज्यूवाट स्वागत मन्तव्यको क्रममा हरेक नेपाली नागरिकले उपयोग गर्ने सूचनाको हक सम्बन्धी व्यवस्था २०४७ सालको संविधानको धारा १६ मा व्यवस्था गरिएको थियो, तत्पश्चात कानून नवनिरहेको अवस्थामा २०६३ सालको संविधान पश्चात २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन निमार्ण भएर कार्यान्वयनमा रहेको भनाई राख्नु भयो । सूचनाको हक सम्बन्धी ऐन बनिसके पछि २०६५ साल बैशाख २२ गते आयोगले पूर्णता प्राप्त गरेर आयोग स्थापना भएको हो ।




नागरिकको अत्यन्त महत्वपूर्ण हकको रुपमा मौलिक हकको रुपमा रहेको सूचनाको हक २०७२ सालको संविधानको धारा २७ मा व्यवस्था गरिएको छ । त्यसको कार्यान्वयनको लागि २०६४ सालको कानून अन्तर्गत आयोग गठन भई आयोगले सूचनाको हकको संरक्षण,संवर्द्धन र प्रचलन गर्दै आइरहेको छ ।यस वीचमा हरेक नागरिकले सार्वजनिक निकायबाट सूचना माग्ने र पाउने हकको रुपमा स्थापित भइसकेको छ । आयोगले विभिन्न क्रियाकलाप गर्ने क्रममा विभिन्न प्रवर्द्धनात्मक कार्यहरु गर्दै आइरहेको छ । पुनरावेदन सुन्ने आदेश गर्ने, नागरिकहरु प्रति सार्वजनिक निकायलाई जवाफदेही गराउने आयोगको महत्वपूर्ण भूमिका रहँदै आएको छ । आयोगले स्थापना दिवस मनाउने सिलसिलामा विगतका वर्षहरुमा झैं आयोगमा कार्यरत कर्मचारीहरुमध्ये ३ जना उत्कृष्ट कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारीहरुवाट पुरस्कृत गरिएको, सूचना प्रवाहमा उल्लेख्य भूमिका निर्वाह गरेका विभिन्न सार्वजनिक निकायका ५

जना सूचना अधिकारीहरुलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कारवाट पुरस्कृत गरिएको र सूचनाको हकको क्षेत्रमा उल्लेख्य काम गरेका सूचनाको हकका अभियन्ताहरुमध्ये ४ जना सूचनाको हकका अभियन्ताहरुलाई विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारवाट पुरस्कृत गरिएको र यसरी पुरस्कृत गर्दा एउटा छुट्टै मूल्यांकनको मापदण्ड वनाई पुरस्कृत हुने व्यक्तिहरुको छनौट गरिएको कुरा स्वागत मन्तव्यका क्रममा राख्नुभयो । अन्तमाः सूचना आयोगले गरिरहेको काम कारवाहीहरुलाई सवै पक्षको साथ सहयोग र सद्भावले आयोगलाई अझ् बढी आफ्नो उद्देश्यमा कर्मशील भएर लाग्न प्रेरित गर्नेछ भन्ने भनाई राख्नु हुँदै आयोगको १५ औ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा गरिमामय उपस्थितिका लागि उपस्थित व्यक्तित्वहरुलाई स्वागत गर्नुहुँदै हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

## RTI Journal विमोचन

नागरिक अधिकार तथा सुशासनका क्षेत्रमा क्रियाशिल विशिष्ट व्यक्तित्वहरुले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रयोगमा देखिएका समस्या तथा राष्ट्रिय सूचना आयोग,अभियन्ता,पत्रकार,नागरिक लगायत समाजका विभिन्न पक्षबाट यस क्षेत्रमा भएका र हुनुपर्ने कामका विषयमा केन्द्रित रहेर तयार गरिएका २२ वटा लेख/रचनाहरु संकलन गरी तयार पारिएको छैंटौं अंकका रुपमा प्रकाशित सूचनाको अधिकार( **RTI Journal)** पुस्तिका सम्माननीय उपराष्ट्रपतिज्यूबाट विमोचन भएको थियो । पुस्तिकामा सूचनाको हकको क्षेत्रमा कलम चलाई रहने लब्ध प्रतिष्ठित व्यक्तिहरुको २२ वटा लेखहरु समावेश गरिएको छ ।



**सम्माननीय उपराष्ट्रपतिज्यूद्धारा उत्कृष्ट कर्मचारी ,उत्कृष्ट सूचना अधिकारी र सूचनाको हकका उत्कृष्ट अभियन्ताहरुलाई पुरस्कार वितरणः**

सूचनाको हकको कार्यान्वयनमा सूचनाको हकका अभियन्ताहरु,सार्वजनिक निकायका सूचना अधिकारीहरु र आयोगका कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने विषयमा दुईमत हुन सक्दैन । यसरी महत्वपूर्ण भूमिका निर्वाह गर्नेहरुलाई प्रोत्साहन तथा उत्साहित वनाउन आयोगले ३ प्रकारका पुरस्कार प्रत्येक वर्ष वितरण गर्ने गरेको छ । सूचनाको माग र प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याई सुशासनको अनुभूति दिलाउन सहयोग गर्ने माग पक्षको रूपमा रहेका सूचनाको हकका ५ जना अभियन्ता, आपूर्ति पक्षको रूपमा रहेका सार्वजनिक निकायका ५ जना सूचना अधिकारी र आयोगमै रही उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीहरुलाई सम्माननीय उपराष्ट्रपतिज्यू द्वारा पुरस्कारसहित कदर पत्रले सम्मानित गरिएको थियो । पुरस्कृत हुने व्यक्तिहरूको नामावली निम्नानुसार रहेको छ :



## १. आयोगमा रही उत्कृष्ट काम गरे वापत पुरस्कृत हुने कर्मचारीहरु तर्फ

१.उप सचिव श्री  विश्ववन्धु पौडेल

२. शाखा अधिकृत श्री डिल्लीराम भट्ट

३.नायव सुव्वा श्री हेमन्त रिज्याल

## २.उत्कृट सूचना अधिकारी पुरस्कारवाट पुरस्कृत हुने सूचना अधिकारीहरु तर्फ

१.ई .निर्मल लामा ,सूचना प्रविधि अधिकृत छैटौं,कमलामाई न.पा. सिन्धुली

२.दुर्गा प्रसाद आचार्य,नायव सुव्वा ,जिल्ला समन्वय समिति,वाग्लुङ

३.राजु अर्याल , अधिकृत छैटौं,यातायात व्यवस्था सेवा कार्यालय,हेटौंडा

४.सत्य नारायण हुजदार ,अधिकृत छैंटौं,चौदण्डीगढी, न.पा.,उदयपुर

५.गोकर्णराज वाग्ले,वरिष्ठ अधिकृत,व्यास न.पा.,दमौली ,तनहुँ

## ३.विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारवाट पुरस्कृत हुने अभियन्ताहरु तर्फः

१.उमीद प्रसाद वागचन्द, सुदूरपश्चिम प्रदेशबाट

२.दुर्गा आचार्य,गण्डकी प्रदेशबाट

३.कैलाश माफी,मधेश प्रदेशबाट

४.मनोज रौनियार ,वागमती प्रदेशबाट




## पुरस्कृत हुनेहरुका तर्फवाट सूचनाको हकका अभियन्ता उमीद वागचन्दको मन्तव्य

आयोगको स्थापना दिवसको यो दिनलाई सूचनाको हकको क्षेत्रको अभियानमा लागेका अभियन्ताहरुले पनि महत्वपूर्ण रुपमा लिएको, २०७४ सालमा

सूचना आयोगले राष्ट्रिय सम्मेलन गरेको वेलामा देशभरिबाट आएका अभियन्ताहरुले एउटा संजाल बनाएर अगाडि बढ्नु पर्छ भनेर संजाल बनाई अगाडि बढेको ,करीव २ वर्ष जति सूचना माग्ने कुरामा संजाल क्रियाशिल रहेको र त्यस पश्चात कोरोनाको अवधिमा सूचनाको हकको लागि देशैभरी यसको संजाल बन्नुपर्छ भन्दै वडाको प्रतिनिधित्व हुने गरी पालिकाहरुको समिति ,पालिकाहरु मिलेर जिल्लाको समिति,जिल्ला जिल्ला मिलेर प्रदेशको समिति वनाई संजाल अगाडि बढिरहेको । संघको रुपमा मात्र रहेको संजाललाई सूचना सहज रुपमा लिने दिने ,सहजीकरण गर्नको लागि यसलाई औपचारिक रुपमा महासंघको रुपमा दर्ता गरियो । सूचना माग्ने भनेको कसैलाई दुःख दिन , संकट ल्याउन र अप्ठ्यारो बनाउनका लागि होइन ये त केवल राज्यका हरेक क्रियाकलापहरुलाई पारदर्शीता र जनताप्रति जवाफदेहिता बढाउन हो ।

संजालले कुनै पनि व्यक्तिले गलत नियतले सूचना माग्ने प्रयास नगरुन  भनेर पनि यस तर्फ ध्यान दिएको वताउनु भयो । जव सूचना माग्ने र सहज रुपमा पाउने वातावरण सृजना भई त्यस किसिमको परिपाटीको विकास हुन्छ त्यसवेला महासंघको स्थापनाको उद्देश्य पूर्ती हुने कुरा व्यक्त गर्नुभयो । राज्यले ल्याएको कानून नियमलाई व्यवहारिक रुपमा सहजीकरण गर्न संजालले भूमिका खेलिरहेको, सूचनाको हकलाई मौलिकहकको रुपमा संविधानमा व्यवस्था भएको तर कार्यान्वयन तह फितलो , सूचनाको हकको प्रवर्द्धनका लागि पालिका स्तरमा पनि वजेट छुट्ट्याउनु पर्ने, सूचना दाताको संरक्षणका लागि पनि राज्यले कानून ल्याउनुपर्ने आवश्यकता रहेको भनाई व्यक्त गर्नुहुँदै अन्तमाः आयोगले सूचनाको हकका अभियन्ताहरुलाई उत्साह प्रदान गर्ने कार्य गर्दै आफ्ना गतिविधिहरुलाई अगाडि बढाएको साथै  आयोगलाई शसक्त बनाई ७ वटै प्रदेशमा विस्तार गर्नु सूचनाको हकको सवालमा अपरिहार्य रहेको समेत भनाई राख्नु भएको थियो ।

**प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति नन्दकिशोर पुनज्यूको मन्तव्यः**



ऐतिहासिक जनआन्दोलनबाट लोकतन्त्र पुनर्स्थापित भएसँगै जारी अन्तरिम संविधान अनुसार स्थापित राष्ट्रिय सूचना आयोग आफ्नो गौरवमय १४ वर्ष पूरा गरी १५ औं वर्षमा प्रवेश गरेको यस सुखद् अवसरमा प्रमुख सूचना आयुक्तज्यू,

लगायत सिंगो राष्ट्रिय सूचना आयोग परिवारमा सम्माननीय उपराष्ट्रपतिज्यूबाट हार्दिक बधाई ज्ञापन गर्दै यस अवसरमा विभिन्न कार्यालयका सूचना अधिकारीहरु, सूचनाको हकका अभियन्ताहरु तथा कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक शुभकामना र आयोगबाट सम्मानित तथा पुरस्कृत व्यक्तित्वहरुमा बधाई ज्ञापन गर्नुभएको थियो । सूचनाको हकको प्रभावकारी कार्यान्वयन भए मात्रै राज्य र जनता सुशुचित हुन्छन् । सुचनाको उज्यालो बाट मात्रै सुशासन, दिगो आर्थिक विकास सहितको समृद्धि हासिल गर्न सकिन्छ । आजको युग सुचना प्रविधिको युग हो । आजको विश्वमा सूचनामा त्यस्तो शक्ति छ -जुन शक्ति अरुसँग तुलनै हुन सक्दैन । जुन राष्ट्रसँग सूचना छ -त्यो राष्ट्र शक्तिशाली हुन्छ । जुन राज्यले सूचना दिएर आफ्ना जनतालाई सुशुचित बनाउँछ -त्यो राष्ट्रमा नै सुशासन हुन्छ, लोकतन्त्र  फस्टाउँछ र जनता सम्बृद्ध हुन्छन ।

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायतका ऐन कानून हामीसँग छन् । २०४७ को संविधानमा पनि सूचनाको हकको व्यवस्था गरिएको थियो तर त्यसबेला कार्यान्वयन पक्ष कमजोर थियो । २०६५ सालमा राष्ट्रिय सूचना आयोग स्थापना भएपछि सूचनाको हक लागू भएको छ ।

जबसम्म राज्यका निकायले गर्ने सार्वजनिक महत्वको कामका बारेमा जनताले सूचना पाउँदैनन्, राज्य लोकतान्त्रिक पद्धतिमा नचल्ने मात्रै होइन जनताप्रति जवाफदेही र जिम्मेवार पनि हुन सक्दैन्। लोकतन्त्रमा जनता भन्दा शक्तिशाली अरु हुन सक्दैनन् । यो यथार्थतालाई हृदयंगम गरेर राज्यका निकाय सञ्चालित हुनुपर्छ । जनतालाई शक्तिशाली तुल्याउन सबै निकायले आफूसँग रहेको सूचना आम नागरिकको पहूँचमा सरल र सहज तुल्याउनु पर्छ ।

यदाकदा नागरिकलाई सूचना दिनु हुन्न, नागरिकलाई सूचना दिंदा राज्य कम्जोर हुन्छ भन्ने सोंच र प्रवृत्ति पनि देखा पर्ने गरेका छन्। त्यस्तो सोच र प्रवृति गलत हो । राज्यका विभिन्न निकायहरुले आफूले गरेका सार्वजनिक महत्व वा अन्य कामको बारेमा आम नागरिकलाई सहि सूचना दिंदा मात्रै राज्यप्रति जनविश्वास बढेर जान्छ ।

सूचनाको हकको क्षेत्रमा पछिल्लो वर्षमा केहीं सकारात्मक र आशलाग्दो उपलब्धी हासिल भएका छन् । यसमा सूचना आयोगका वर्तमान तथा पूर्व पदाधिकारीहरुको सधै सहयोग रहेको कुरा सम्माननीय उपराष्ट्रपतिज्यूले व्यक्त गर्नुभयो । राष्ट्रिय सूचना आयोगले स्थापनाको डेढ दशकको

यात्रामा महत्वपूर्ण उपलब्धी हासिल गरेको छ । सूचनाको हकका लागि कतिवटा निवेदन आए ? कतिवटामा फैसला भयो ? कतिवटा आदेशहरु जारी भए ? यो पनि महत्वपूर्ण कुरा हो । यो भन्दा पनि महत्वपूर्ण कुरा के हो भने -राज्यका निकायले सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना जनतालाई दिनुपर्छ भन्ने मान्यता स्थापित हुनु हो । सार्वजनिक सरोकारका विषयहरुको सूचना पाउनुपर्छ भन्ने जनतामा चेतनाको विकास हुनु हो । सूचना माग्ने र पाउने हकको कार्यान्वयन हुनु हो । आयोग स्थापनाको १४ वर्षमा राष्ट्रिय सूचना आयोगले प्राप्त गरेको उपलब्धीका लागि बधाइ दिंदै सम्माननीय उपराष्ट्रपतिज्यूले आयोगले आफ्नो काम कारबाहीलाई अझै प्रभावकारी बनाउनु पर्ने र राज्यका निकायलाई पारदर्शी र जनताप्रति जवाफदेहि बनाउने दिशा तर्फ आयोग लाग्नु पर्ने विशेषतः सबै तहका सरकार, विशेष गरी स्थानीय तहहरुका बारेमा विभिन्न कुरा उठ्न गरेका छन् यस तर्फ राष्ट्रिय सूचना आयोगले ध्यान दिनु जरुरी भएको बताउनु भयो ।

अन्तमाः सम्माननीय उपराष्ट्रपतिज्यूले संवैधानिक र कानूनी व्यवस्था भन्दा माथि कोही पनि नभएको, संविधान, ऐन, कानूनको पालना गर्नु सबैको कर्तव्य भएको र सूचनाको हक पूर्ण कार्यान्वयनका लागि नवीन सोंच र कार्यक्रमहरुको आवश्यकता रहेको भनाई राख्नुहुँदै आगामी दिनहरुमा राष्ट्रिय सूचना आयोग सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आफूलाई सशक्त र क्रियाशिल बनाइ राख्न सकोस भन्दै आफूलाई यो महत्वपूर्ण कार्यक्रममा आमन्त्रण गरेकोमा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त, आयुक्तहरु, आयोग परिवारलाई हृदयदेखि नै धन्यवाद दिनुभएको थियो।

## समापन मन्तव्य : श्री महेन्द्रमान गुरुङ्ग, प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग



कार्यक्रमको अध्यक्षता गरिरहनु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गले आयोगको १५ औं स्थापना दिवसको अवसरमा समापन मन्तव्य व्यक्त गर्नु अघि सूचना आयोग स्थापना भएको १४ वर्ष पुगी १५ औं वर्षमा प्रवेश

गरेको अवसरमा उपस्थित सबैमा आयोगको तर्फवाट हार्दिक शुभकामना व्यक्त गर्नुभएको थियो । प्रमुख सूचना आयुक्तले समापन मन्तव्यका क्रममा जनआन्दोलन पश्चात पुनर्स्थापित संसद तथा सरकारले जनआन्दोलनको भावना अनुरुप नागरिकलाई बलियो बनाउन र नागरिक अनुगमनको आवश्यकतालाई महसुस गरेर अन्तरिम संविधानमा त्यसलाई कार्यन्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन २०६४ ल्याएको र  २०६५ मा यस आयोगको स्थापना भएको , सुशासन, जवाफदेहिता, पारदर्शिता, सहभागिताका लागि सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको, १३० भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेर कार्यन्वयनमा रहेको भनाइ राख्नु भयो ।

संयुक्त राष्ट्र संघको निर्णय अनुरुप प्रत्येक वर्ष सेप्टेम्बर २८ मा सूचनामा विश्वव्यापी पहुंच सम्वन्धी अन्तर्राष्ट्रिय दिवस मनाउने गरिएको, UN Human Rights Declaration Article 19 का अनुसार सूचनामा पहुँचलाई मानवअधिकारका रुपमा स्वीकार गरिएको, Transparency International को सन २०२० र २०२१ को प्रतिवेदनमा भ्रष्टाचार नियन्त्रण गर्न तथा सुशासन कायम गर्न सूचनामा पहुँच सम्बन्धी अधिकार वारे कार्यान्वयन हुनुपर्ने सुझाव दिइएको र दिगो विकास लक्ष्यको सुचकांक १२.१०.२ मा सूचनामा पहुँच सम्बन्धी व्यवस्था मापन गर्ने गरी राखिएको र यसको अनुगमन गर्ने जिम्मेवारी UNESCO लाई प्रदान गरिएकोमा नेपालका तर्फवाट राष्ट्रिय सूचना आयोगले प्रतिवेदन गरिरहेको अवगत गराउनु भएको थियो ।

संघियताको सोपानमा नागरिकसंग सवैभन्दा नजिक रहेको स्थानिय तहको निर्वाचन अत्यन्त महत्वपुर्ण कृयाकलाप रहेकोले यसवाट आफूले छानेको प्रतिनिधिले आफ्ना लागि, समाजका लागि, देशका लागि इमान्दारी पूर्वक काम गर्छन भन्ने मान्यताका साथ  स्थानीय तहको निर्वाचनलाई ध्यानमा राख्दै सूचनाको हकको महत्व स्वाभाविक रुपमा बढी हुन्छ भन्ने आयोगको विश्वास रहेकोले आयोगले निर्वाचन प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरी त्यसवाट आएका सल्लाह र सुझावलाई समेटी निर्वाचन आयोग, नेपाल सरकारलाई निर्देशन र राजनैतिक दल तथा आम नागरिकलाई आव्हान समेत गरिएको भनाइ व्यक्त गर्नुभयो ।

सूचनाको हक सम्वन्धी कानूनले संविधान तथा कानूनवाट निर्माण भएको सवै निकायलाई सार्वजनिक निकायका रुपमा पारभाषित गरेको छ, यसमा राजनैतिक दलहरु पनि पर्दछन । सूचनाको हक कार्यन्यनका लागि सवैको दायित्व त्यतिकै महत्वपुर्ण रहन्छ । कतिपय जिल्ला तथा स्थानीय तहमा

जांदा दुख दिने नियतले सूचना माग गरेको भनाई आउंछ । सार्वजनिक निकायहरु सूचना दिन स्वतः प्रकाशन गर्न अझै पनि हिच्किचाउंछन । जबकि सूचनाको हक लोकतान्त्रिक पद्धतिका लागि जरुरी छ फेरि कार्यन्वयन गर्न त्यतिकै सजिलो पनि छ त्यसका लागि स्वतः प्रकाशन गर्ने र मागेको सूचना दिने गर्नुपर्दछ ।

गत वर्ष कोभिडका कारण लकडाउन रहंदा रहंदै पनि ७५३ वटा पुनरावेदन आयोगमा परेका थिए । यस वर्षमा हाल सम्म १०४८ वटा पुनरावेदन दर्ता भै सकेका छन भने कूल संख्या ८ हजार नाघीसकेका छ । समयमै यस्ता पुनरावेदन टुंग्याउन आयोग लागिरहेका छ । गत वर्ष ७३ प्रतिशत भन्दा बढी पुनरावेदन स्थानीय तहसंग सम्वन्धित छन ।

यही वर्ष आयोगले ७ स्थानीय तह र ७ जिल्ला स्तरीय अभिमुखिकरण कार्याक्रम मार्फत सार्वजनिक निकायका प्रमुख र सूचना अधिकारी तथा अन्य सर्वसाधारण नागरिक,संचारकर्मीहरुलाई सूचनाको हकको वारेमा जानकारी दिएको, सवै ठाउंमा आयोग पुग्न संभव नहुने हुंदा एउटा सार्वजनिक निकायका लागि र अर्को सूचना मागकर्ताका लागि समेत गरी २ वटा सहयोगी पुस्तिका बनाउने कार्य अन्तिम चरणमा पुगेको छ । त्यस्तै राष्ट्रिय सूचना आयोगले आयोगद्वारा सम्पादन भएका विभिन्न क्रियाकलापहरुमा नागरिकको पहुँच सहज होस् भन्ने उद्देश्यका साथ २०७७ कार्तिक देखि “सूचना मेरो अधिकार” नामको त्रैमासिक बुलेटिन नियमित रुपमा प्रकाशन गरेको छ । सूचनादाता संरक्षण सम्बन्धी नियमावलीको मस्यौदा बन्दैछ । यसपटक ४ वटा प्रदेश स्तरीय सार्वजनिक निकायहरुको आर.टि.आइ अडिट शुरु गरिएको छ । सूचना मागकर्ताको संरक्षण गर्ने व्यवस्था ल्याउन पर्ने वेला आइसकेको छ । नागरिकको संबिधानप्रदत्त हक र कानूनको व्यवस्था बमोजिम माग गरिएको सूचना नदिने ५ वटा सार्वजनिक निकायका पदाधिकारीलाई कारवाही गरिएको थियो भने यस वर्ष अहिलेसम्म ३ जना कार्यालय प्रमुखलाई कारवाही भईसकेको छ । सूचनाको हकसम्बन्धी कानूनको पालना गर्ने/गराउने कानुनी दायित्व र जिम्मेवारी सार्वजनिक निकायको भएको हुँदा नागरिकलाई सूचना माग गर्न र प्राप्त गर्न सहज वातावरण बनाउन ,रु २५ हजार भन्दा बढीको खर्च स्वतः सार्वजनिक गर्ने व्यवस्थावाट पारदर्शिता र जवाफदेहिता कायम गरी सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा भइरहेको व्यवस्थाको प्रभावकारी कार्यन्वयन हुन जरुरी छ ।

आयोगले सवै सार्वजनिक निकायहरुलाई सूचनाको हक सम्बन्धी कार्यक्रम तथा बजेट व्यवस्था गर्न अनुरोध गरेको छ, यस अनुरुप कतिपय निकायहरुले वजेट व्यवस्था गरी सूचना अधिकारीलाई सक्षम बनाउने, प्रशिक्षण दिने, सूचनामागकर्तालाई सहज वातावरण दिने जस्ता कार्यहरु भैरहेका छन । आयोगको स्थापना दिवसका अवसरमा प्रत्येक वर्षझैं यस वर्ष पनि सूचनाको हकका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने ५ जना अभियन्तालाई विनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कार, ५ जना सूचना अधिकारीलाई उत्कृष्ट सूचना अधिकारी पुरस्कार र आयोगमा कार्यरत कर्मचारीहरू मध्येवाट ३ जना लाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको र  पुरस्कृत हुने सवैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।

अन्तमाः महवपुर्ण सूचनाको हकको महत्वलाई बुझेरै यस कार्यक्रमको प्रमुख आतिथ्यता सम्माननीय उपराष्ट्पतिज्यूवाट ग्रहण गरी दिनु भई मन्तव्यका कममा महत्वपूर्ण भनाई तथा सुझावहरु राख्नु भएकोमा  यी सवैका लागि सम्माननीय उपराष्ट्रपतिज्यु प्रति यस आयोगका तर्फवाट हार्दिक आभार व्यक्त गर्नुभयो । आयोगको  आमन्त्रणलाई स्वीकार गरी आयोगको स्थापना दिवस कार्यक्रममा उपस्थित हुनुभएका सम्पुर्ण अतिथिवर्गलाई हार्दिक धन्यवाद दिंदै यसलाई सूचनाको हक कार्यन्वयनमा सबैको प्रतिवद्धताका रुपमा लिएको र कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हुने आयोगका कर्मचारी मित्रहरु उपराष्ट्रतिको कार्यालयका सचिवज्यू लगायत सवैलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै गर्नुहुँदै प्रमुख सूचना आयुक्तज्यूले आफ्नो समापन मन्तव्य राख्नु भएको थियो ।

